आज मिति २०८३ साल साउन ३० गते शनिबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.ब.२०८३/०८४ को प्रथम बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री तुल बहादुर गुरुङ (कार्यवाहक वडाध्यक्ष १ नं.वडा)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री हर्क बहादुर थापा क्षेत्री (कार्यवाहक वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा) रिता महत (वडा सदस्य-७)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१४. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का,पा. सदस्य)
२४. श्री सुरज श्रेष्ठ - प्रमुख प्रशासकीय अधिकृत (सचिव)

अन्य उपस्थिति: श्री कमला मोहन [illegible] - वरिष्ठ अधिवक्ता एवं कानुनी सल्लाहकार

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री राजिव घिमिरे, सूचना प्रविधि अधिकृत
२७. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)
२८. श्री अमित लामा (३ नं. वडा सदस्य)

भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०४/३० गते बसेको आ.व.२०८३/०८४ को प्रथम बैठकका निर्णयहरु:

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८३/०३/०९ गते बसेको आ.व. २०८२/०८३ को चौधौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.२ भानु नगरपालिकाको वडा नं. ५ को केन्द्रको विषयमा उच्च अदालत पोखराद्वारा गरिएको फैसला कार्यान्वयनको लागि वडा नं. ५ को वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३ खेलकुद प्रशिक्षक छनौट तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ आकास्मिक महामारी रोग निगरानी तथा द्रुत प्रतिक्रिया कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ पशुपन्छी तथा मत्स्य विकास शाखाबाट सञ्चानल गर्ने कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०८३ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ भानु नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम मर्स्याङ्दी नदी अन्तर्गत रहेका घाटबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) संकलन, उपयोग र बिक्री वितरणका लागि गण्डकी प्रदेशको आर्थिक ऐन, २०८२ मा तोकिए बमोजिमको दररेट कायम गरी ठेक्का बन्दोबस्त गर्न नगरकार्यपालिकाको मिति २०८२/०४/१९ गतेको बैठकबाट स्वीकृत गरिएको IEE प्रतिवेदन अनुसार तपसिल बमोजिमका घाटहरुबाट तपसिलमा उल्लेख भए बमोजिमका परिमाण उत्खनन तथा विक्रि वितरणका लागि ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

मर्स्याङ्दी नदी अन्तर्गत रहेका घाटबाट नदीजन्य पदार्थ (ढुंगा गिट्टी, बालुवा) संकलन, उपयोग र बिक्री वितरण सम्बन्धित विस्तृत विवरण

| सि. नं. | घाटको विवरण | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् योग्य भण्डारण परिमाण (घ. मी.) | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् योग्य परिमाण (घ. मी.) | आ.ब. २०८२/८३ मा बिक्रीका लागि प्रस्तावित अधिकतम् परिमाण (घ. मी.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | बालुवा घाट, भानु -१ | १८,००० | १८,००० | १८,००० | |
| २. | अँधेरी घाट, भानु -१ | २,४३० | १,२०० | १,२०० | |
| ३. | बुडुवा घाट, भानु -२ | ४,५०० | ४,५०० | ४,५०० | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ओमेन्द राज त्रिपाठी

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | आम्बोटे घाट १. भानु -२ | १,१२५ | १,१२५ | १,१२५ | |
| ५. | कुर्कुना घाट, भानु -३ | १,५०० | ५०० | ५०० | |
| ६. | ढुकुर्दी घाट, भानु -३ | २,९२५ | २,९२५ | २,९२५ | |
| ७. | बलीफाँट घाट, भानु -८ | ३,६०० | ३,६०० | ३,६०० | |
| ८. | बेनी घाट, भानु - ८ | ५,४०० | ५,४०० | ५,४०० | |
| ९. | लखु ढुंगा घाट, भानु ९ र १० | १,४०० | १,४०० | १,४०० | |
| १०. | रयाले घाट, भानु १० | ९,००० | २५८७ | २,५८७ | |

<u>निर्णय नं. ७</u> भू उपयोग वर्गिकरण सम्बन्धमा नापी शाखाबाट पेश भए बमोजिमको वर्गीकरण भू-उपयोग परिषदको सिफारिसका आधारमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u> मालपोत, नापी, भूमि प्रशासन सँग सम्बन्धित भू-सेवा तथा अन्य सेवा शुल्क, एवं दस्तुर सम्बन्धमा छलफल गरियो ।

<u>निर्णय नं. ९</u> भानु नगरपालिकाको भूमि व्यवस्थापन शाखा अन्तरगत नागरिकलाई सहज, सरल र प्रभावकारी रुपमा भू-सेवा प्रदान गर्ने प्रयोजनका लागि भू-सेवा केन्द्र सञ्चालन गर्न अत्यावश्यक रहेको तथा नेपाल सरकारद्वारा समेत उक्त सेवा सञ्चालन गर्ने दरबन्दी तेरिज सहित निर्देशन भएकोमा सो कार्यका लागि भू-सेवा सम्बन्धी अनुभव हासिल गरेको कम्प्युटर अपरेटर (सहायक चौथो) पदमा एक जना कर्मचारी करार सेवामा छनौट गरि भर्ना प्रक्रिया अविलम्व अगाडी बढाउने निर्णय गरियो ।

<u>निर्णय नं. १०</u> निजी वन दर्ता सम्बन्धमा छलफल गरियो सो सम्बन्धमा उक्त निजी व नको जग्गा रहेको स्थानको वडा एकिन गरेपछि पुनः निर्णयार्थ छलफल गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ११</u> जय थानीमाई यातायात प्रा.लि.ले भानु नगरपालिकाको कार्यालयमा पेश गरेको निवेदन तथा कागज प्रमाणका सन्दर्भमा नगर यातायात व्यवस्थापन समितिमा छलफल गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १२</u> आर्थिक वर्ष २०८३/०८४ मा तनहुँ जिल्ला भानु न.पा. बाँके लौडारी मार्ग स्तोरन्नती कार्य शीर्षकमा परेको रु.१०,००,००,०००। (अक्षेरुपी दश करोड) बजेटबाट भानु १३ बाँके पसलबाट भानु १२ हुदैं भानु १० लौडारी भञ्याङ हुदैं बान्द्रे खोला सम्मको इस्ट्रक्चर निर्माण भित्र पर्न आउने प्लमवाल, ढलान, कजवे, ग्याविङ, रिटनिङवाल, लगायतका सम्पूर्ण कार्य दुवै तर्फबाट गर्नका लागि संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय कास्कीलाई लेखी पठाउने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं. १४ विविध विषयको सम्बन्धमाः

क) सार्वजनिक खरिद नियमावली, २०६४ को १५ औं संशोधनको सम्बन्धमा कार्यपालिकालाई जानकारी गराइयो ।

ख) मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना आ.व. २०८३/०८४-२०८७/८८ को परिच्छेद ४ अन्तर्गत ४.२.४ मा स्थानीय तह समन्वय समिति गठन गर्ने व्यवस्था भए बमोजिम उक्त समितिका पदेन सदस्य बाहेक नगरप्रमुखले तकेको तपसिल बमोजिमका सदस्य चयन गर्ने निर्णय गरियो ।

तपसिलः

सदस्यः - श्री मनु राना, भानु नगरपालिका -१

सदस्यः - श्री रेशम मगर, भानु नगरपालिका -१०

सदस्यः - श्री सुनिल श्रेष्ठ, भानु नगरपालिका -९

ग) ईलाका प्रहरी कार्यालय भन्सारमा रहेको ग १ ब ४०५ नम्बरको मोटरसाइकल मर्मतको लागि रु.१०,०००। सवारी साधन मर्मत शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

घ) आ.व. २०८३/०८४ को जिल्ला दररेटलाई नगरपालिकाको कार्यालयबाट सबै वडाहरुको भौगोलिक दूरीका आधारमा ढुवानी सहितको वैज्ञानिक विश्लेषणका आधारमा स्थानीय दररेट कायम तथा स्वीकृत गर्ने निर्णय गरियो ।

ङ) भानु नगरपालिका वडा नं. १२ निवासी श्री रामकृष्ण अधिकारीलाई कृषि तथा उद्यम विज्ञ सल्लाहाकार मनोनित गर्ने निर्णय गरियो ।

च) भन्सार रिङ्गरोडको आयोजना कार्यान्वय प्रयोजनका लागि प्राविधिक टोली खटाइ Alignment एकिन गर्ने निर्णय गरियो ।

छ) संघीय समपूरक अनुदान तर्फ विनियोजित खानेपानी आयोजनाको कार्यान्वयन सन्दर्भमा कार्यालयका प्राविधिक कर्मचारी खटाई अधुरा तथा मर्मत सञ्चालन गर्नु पर्ने आयोजनाहरुको एकिन सहितको प्रतिवेदन प्राप्त गर्ने निर्णय गरियो ।

ज) आ.व. २०८२/०८३ मा सम्पन्न हुन नसकेका योजनाहरुको नियमानुसार कार्यपालिकामा निर्माण व्यवसायीले कागजात पेश गरेपछि २०८३ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिका वडा नं. ७ स्थित पुर्कोट पोल्ट्र फर्मको व्यवसायिक प्रयोजनको लागि पुर्कोट ९ ज कित्ता नं. ३६६ मा भूमिगत पानी उपयोग गर्न १ वटा डिप बोरिङ दर्ता गर्ने सम्बन्धमा उक्त डिप बोरिङको विविध पक्षको अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

संयोजक - भानु नगरपालिकाको विपद् व्यवस्थापन समितिको अध्यक्षता

सदस्य - कृषि विकास शाखा प्रमुख



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

सदस्य - पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख

सदस्य - भौतिक पूर्वाधार शाखा प्रमुख

ञ) भानु नगरस्तरीय खेलकुद विकास समितिको गठन तथा व्यवस्थापन कार्यविधि,२०७९ को परिच्छेद ३ नियम ७ (ञ) मा भएको व्यवस्था बमोजिम मनोनित सदस्ययको पदावधि समाप्त भएको हुदाँ उक्त समितिको पदावधी पुनः एक कार्यकाल नियमानुसार थप गर्ने निर्णय गरियो ।

ट) मिति २०८१/११/२७ गते लगानीकर्ता खानिगाँउ वस्ने दिनादेव ढकालको नाति गंगा ढकालको छोरा वर्ष ४८ को श्री चिरन्जिवीं ढकाल, जग्गाधनी मिन बहादुर अधिकारी (कित्ता नं.८ र कित्ता नं.७९ ), जग्गाधनी वल वहादुर अधिकारी (कित्ता नं. ८०, कित्ता १६४, कित्ता नं.२४) तथा जग्गाधनी सोम बहादुर अधिकारी (कित्ता नं. ११०,१६०,१६२), जग्गा धनि दोदिन्द्र सिंह अधिकारी (कित्ता नं.१६१, कित्ता नं.१७, कित्ता नं.१६३) र जग्गा धनि मिन बहादुर अधिकारी (कित्ता नं. १३ र कित्ता नं.७४) र नगरपालिका समेतको उपस्थितिमा जग्गा भाडामा लिने/दिने सम्वन्धमा त्रिपक्षीय सम्झौता भएकोमा सम्झौताका शर्तहरू अनुसार लगानीकर्ताले नियमानुसार बुझाउनुपर्ने भाडा रकम समयमै भुक्तानी नगरेको र भाडामा लिएको जग्गाको उचित सदुपयोग समेत नगरेको भनी जग्गा धनिबाट परेको उजुरीका सम्वन्धमा तत् तत् विषयमा जाँचवुझ तथा छानविन गर्दा उजुरीका व्यहोरा मनासिव र तथ्यपरक देखिएको हुदाँ सम्झौताका शर्तहरूको उल्लङ्घन भएको पुष्टि हुन आएकोले सम्वन्धित लगानीकर्ता श्री चिरन्जिवी ढकालसँग भएको उक्त त्रिपक्षीय सम्झौता रद्द गर्ने निर्णय गरियो।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख